प्रभु बैंक

BANK OF THE YEAR 2023

THE BANKER

BANK OF THE YEAR
2023

NEPAL




# २३औं वार्षिक प्रतिवेदन

२०८०/०८१

# Board of Directors

## सञ्चालक समिति



श्री लिला प्रकाश सिटौला
अध्यक्ष



श्री अंगिर मान सिंह
सञ्चालक



श्री तारा मानन्धर
सञ्चालक



श्री किशोर जंग कार्की
सञ्चालक



श्री अभिषेक बज्राचार्य
सञ्चालक



श्री बृष बहादुर बस्नेत
सञ्चालक



श्री अमित भण्डारी
कम्पनी सचिव

# प्रतिनिधि (प्रोक्सी) पत्र

श्री सञ्चालक समिति,
प्रभु बैंक लिमिटेड
बबरमहल, काठमाडौं ।

**विषय : प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको बारे ।**

महाशय,

...............................जिल्ला...............................म.न.पा/उ.म.न.पा/न.पा/गाउँपालिका वडा नं..... बस्ने म/हामी ............................................ ले त्यस बैंकको शेयरधनीको हैसियतले मिति २०८१ साल पुष महिना २९ गते सोमवार बिहानको ११:०० बजे प्रभु बैंक लिमिटेडको केन्द्रीय कार्यालय, बबर महल, काठमाडौंमा हुने तेइसौं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त साधारण सभामा भाग लिई निर्णयमा सहभागी भई मतदान समेत गर्नका लागि ..........................जिल्ला............................म.न.पा/उ.म.न.पा/न.पा/गाउँपालिका वडा नं.......बस्ने त्यस बैंकका शेयरधनी श्री .........................................लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको
दस्तखत नमूना :
शेयरधनी परिचय नं./डिम्याट नं.:

निबेदक,

| | | |
|---|---|---|
| दस्तखत | | |
| नाम, थर | | |
| ठेगाना | | |
| शेयरधनी नं./डिम्याट नं.: | | |
| शेयरको प्रकार | संस्थापक | सर्वसाधारण |
| शेयर संख्या | | |

(द्रष्टव्य : यो प्रतिनिधि (प्रोक्सी) पत्र साधारण सभा हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै यस बैंकको केन्द्रीय कार्यालय बबरमहल, काठमाडौं वा शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादी, काठमाडौंमा पेश गरिसक्नु पर्नेछ ।)

---

## प्रभु बैंक लिमिटेड

बबरमहल, काठमाडौंको
तेइसौं वार्षिक साधारण सभामा उपस्थितिको लागि

### प्रवेश-पत्र

शेयरधनी परिचयपत्र नं./डिम्याट नं. : ..........................................................................................................
शेयरधनीको नाम, थर : ...........................................................................................................................
शेयर प्रमाणपत्र नं. : .......................................................................... कुल शेयर कित्ता..................................................
शेयरधनीको दस्तखत ..............................................................................................
(यो प्रवेश पत्रमा शेयरधनीको नाम, दस्तखत अनिवार्य रुपमा उल्लेख गरी सभाकक्षमा प्रवेश गर्दा यो प्रवेश पत्र पेश गर्नु पर्नेछ ।)

.........................................
कम्पनी सचिव

# विषय सूची


१. वार्षिक साधारण सभाको सूचना क

२. अध्यक्षको मन्तव्य १

३. सञ्चालक समितिको वार्षिक प्रतिवेदन ३

४. कम्पनी ऐन, २०६३ को दफा १०९ उपदफा (४) अनुसारको अतिरिक्त विवरण १४

५. धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित विवरण १७

६. संस्थागत सुशासन सम्बन्धि वार्षिक अनुपालना प्रतिवेदनको सारांश १९

७. तुलनात्मक निक्षेप, कर्जा लगानी, आम्दानी तथा खर्चको संरचना २०

८. लेखापरिक्षकको प्रतिवेदन २१

९. एकीकृत वित्तीय अवस्थाको विवरण २६

१०. एकीकृत नाफा नोक्सान विवरण २७

११. एकीकृत अन्य विस्तृत आम्दानीको विवरण २८

१२. एकीकृत इक्विटीमा भएको परिवर्तनको विवरण २९

१३. एकीकृत नगद प्रवाह विवरण ३१

१४. लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु ३२

१५. एकीकृत वित्तीय अवस्थाको विवरणको लागि अनुसूचीहरु ५७

१६. एकीकृत नाफा नोक्सान विवरणको लागि अनुसूचीहरु ८१

१७. उद्घोषण तथा अतिरिक्त विवरणहरु ८७

१८. प्रमुख सूचकाङ्कहरु ९८

१९. बासेल ||| सम्बन्धी विवरण ९९

२०. त्रैमासिक वित्तीय विवरण र लेखापरीक्षण भएको वित्तीय विवरणबिचको तुलना १०५

२१. प्रभु क्यापिटल लि.को आ.व. २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन र संक्षिप्त वित्तीय विवरण १०७

२२. प्रभु स्टक मार्केट लि.को आ.व. २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन र संक्षिप्त वित्तीय विवरण ११४

२३. वित्तीय विवरण प्रकाशन गर्न स्वीकृत प्रदान गर्ने क्रममा ने.रा.बैंकबाट दिएको निर्देशन ११९

२४. नेपाल राष्ट्र बैंकबाट प्राप्त निर्देशनहरु प्रति बैंकको प्रतिक्रिया १२०

२५. शाखा कार्यालय सम्बन्धी विवरण १२१

२६. एक्स्टेन्सन काउन्टर सम्बन्धी विवरण १२५

२७. बैंकले आ.व. २०८०/०८१ मा गरेका वित्तीय साक्षरता, डिजिटल बैंकिङ्ग तथा ग्राहक सचेतना अभियान सञ्चालनका केही झलकहरु १२८

२८. बाइसौं वार्षिक साधारण सभाका केही झलकहरु १२९

# प्रभु बैंक लिमिटेड

बबरमहल, काठमाडौं

## तेइसौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

मिति २०८१ साल पुस ०७ गते बसेको सञ्चालक समितिको तीन सय बासठीऔं बैठकको निर्णय बमोजिम यस प्रभु बैंक लिमिटेडको तेइसौं वार्षिक साधारण सभा निम्नलिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न देहायको मिति, समय र स्थानमा बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध छ ।

**सभा हुने मिति, स्थान र समय :**

**सभा हुने मिति** : **२०८१ साल पुस २९ गते सोमवार (तदनुसार सन् २०२५ जनवरी १३ तारेख)**

**समय** : **बिहानको ११:०० बजे ।**

**स्थान** : **बैंकको केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं ।**

**छलफलका प्रस्तावहरु :**

**(क) सामान्य प्रस्ताव :**

१. आ.व. २०८०/०८१ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ वित्तीय अवस्थाको विवरण, नाफा-नोक्सान विवरण र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी प्रभु क्यापिटल लिमिटेड र प्रभु स्टक मार्केट लिमिटेडको आ.व. २०८०/०८१ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८१/०८२ का लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

५. संस्थापक समूहबाट ३ जना र सर्वसाधारण समूहबाट ३ जना समेत गरी ६ (छ) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

६. विविध ।

सञ्चालक समितिको आज्ञाले

**अमित भण्डारी**

कम्पनी सचिव

## साधारण सभा सम्बन्धी अन्य जानकारी :

१. शेयरधनी महानुभावहरुको सुविधाका लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहानको १०:०० बजेदेखि खुल्ला रहनेछ ।

२. बैंकको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफैं वा प्रतिनिधि मार्फत सभामा भाग लिन र छलफलमा सहभागी हुन पाउने छन् । नाबालक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन र छलफल गर्न सक्नेछन् । शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

३. संयुक्तरुपमा एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएको अवस्थामा त्यस्ता साझेदारहरुद्वारा मनोनीत साझेदार वा निजहरुले मनोनीत गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनीत नगरेकोमा शेयरधनीहरुको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोही व्यक्तिले साधारण सभामा भाग लिन पाउनेछ ।

४. सभामा भाग लिन र छलफल गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले बैंकको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त हुने शेयरधनीले सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधिपत्र (प्रोक्सी फारम) यस बैंकको केन्द्रीय कार्यालय बबरमहल, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ ।

६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सोको लागि प्रतिनिधिपत्र (प्रोक्सी फारम) दर्ता गराई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि नियुक्त गर्न चाहेमा सोको सूचना सभा सुरु हुन भन्दा २४ घण्टा अगावै यस बैंकको केन्द्रीय कार्यालय बबरमहल, काठमाडौंमा दिनु पर्नेछ । नयाँ प्रतिनिधि (प्रोक्सी) को हकमा दफा ४ र ५ बमोजिम हुनेछ ।

७. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको अवस्थामा दफा ६ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधि (प्रोक्सी) बदर हुनेछ ।

८. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि (प्रोक्सी) बदर गरी आफैं सभामा उपस्थित भई हाजिरी कितावमा दस्तखत गरेमा अघि दिएको प्रोक्सी स्वत: बदर हुनेछ ।

९. विविध शिर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको विषयका सम्बन्धमा सभा हुनुभन्दा ७ दिन अगावै यस बैंकको केन्द्रीय कार्यालयमा जानकारी दिनु पर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर छलफल गर्न सकिने छैन ।

१०. मिति २०८१/०९/१७ गते १ दिनका लागि शेयर दाखिल खारेज दर्ता बन्द (बुक क्लोज) गरिनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८१/०९/१६ गतेसम्म कारोबार भई मिति २०८१/०९/२४ गतेभित्र यस बैंकको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादी, काठमाडौंले प्राप्त गरेको नामसारीको कागजातका आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सभामा भाग लिन र छलफल गर्न पाउने छन् ।

११. आफ्नो परिचयपत्र सहित बैंकले जारी गरेको प्रवेश-पत्र वा शेयर प्रमाणपत्र वा बैंकको शेयर अभौतिकीकरण गरेको (DEMAT Account No.) प्रमाण प्रस्तुत गरेपछिमात्र सभा कक्ष भित्र प्रवेश गर्न पाइनेछ ।

१२. संस्थापक समूहबाट ३ जना र सर्वसाधारण समूहबाट ३ जना समेत गरी ६ (छ) जना सञ्चालकहरुको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना बैंकको केन्द्रीय कार्यालयमा रहने निर्वाचन अधिकृतको कार्यालयले प्रकाशित गरी सूचना पाटीमा टाँस गर्नेछ ।

१३. सुरक्षाको दृष्टिकोणले सभा स्थलमा प्रवेश गर्दा शेयरधनी महानुभावहरुले यथाशक्य झोला प्याकेट आदि नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सभा स्थलमा प्रवेश गर्दा सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध छ ।

१४. सभा सम्बन्धी अन्य जानकारीका लागि बैंकको केन्द्रीय कार्यालय बवरमहल काठमाडौं वा यस बैंकको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादी, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्नु हुन वा बैंकको वेबसाइट **www.prabhubank.com** मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

# अध्यक्षको मन्तव्य

**आदरणीय शेयरधनी महानुभावहरु,** विभिन्न नियमनकारी निकायबाट पाल्नु भएका प्रतिनिधिज्यूहरु, पर्यवेक्षकज्यूहरु, अन्य आमन्त्रित महानुभावहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरुलाई बैंक सञ्चालक समिति साथै, बैंक परिवारको तर्फबाट आजको यस गरिमामय वार्षिक साधारण सभामा हार्दिक स्वागत अभिवादन गर्दछु ।



आज यस गरिमामय सभामा आफ्नो मन्तव्य व्यक्त गरिरहँदा गत वर्ष झैं यस वर्षपनि देशका समग्र आर्थिक परिसूचकहरु मूलत: आन्तरिक परिसूचकहरु अत्यन्त कमजोर रहे । खास गरेर औद्योगिक एवं व्यावसायिक वातावरणमा सुधार हुन नसक्नाले केवल आपूर्ति श्रृंखला कमजोरमात्र भएन अपितु समग्र मागमा आएको कमी, गतिरोध एवं तटस्थताले आर्थिक गतिविधिका सबैजसो क्षेत्रहरु निराशाजनक रहे । आ.व. २०८०/०८१ मा अधिक तरलता कायम नै रह्यो भने ब्याजदरमा निरन्तर कमी आउँदा पनि कर्जाको माग बढ्न सकेन । अर्थतन्त्रका वाह्य सूचकाङ्कहरुले केही हदसम्म आशा जगाएको भए तापनि सरकारले भुक्तानी गर्नु पर्ने आन्तरिक दायित्व फरफारक गर्न देखाएको ढिलाग्दो व्यवहारले व्यावसायिक क्षेत्र प्रताडित भएको छ, त्यसमा पनि केही छनौटपूर्ण बैंकिङ्ग गर्ने बैंकलाई अपवादमा लिने हो भने अधिकांश बैंकहरुको व्यावसायिक गतिविधिहरुनै सुस्त बनेको छ । प्रस्तुत परिस्थितिले कर्जाको न्यून माग, दिशाहिन पूँजी बजार, ठप्प जस्तै देखिएको विकास निर्माण, सुस्त घर जग्गा कारोबार तथा गतिहिन वैदेशिक व्यापार व्यावसायिक क्षेत्रका विशेषता बन्न पुगे । तथापि यस बैंकले प्रतिकुल परिस्थितिको सामना गर्दागर्दै पनि आफ्नो वित्तीय अवस्थालाई कमजोर बन्न नदिन भरपूर प्रयास गरेको प्रसंग यहाँहरु समक्ष राख्न चाहन्छु ।

बैंकले आर्थिक वर्ष २०८०/०८१ मा गरेको कार्य प्रगति, बैंकका गतिविधि र भावी योजना, आ.व.२०८०/०८१ को वित्तीय अवस्थाको विवरण (वासलात), नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूची लगायत अन्य वित्तीय विवरण, सञ्चालक समितिको प्रतिवेदनमा विस्तृतरुपमा विश्लेषण् सहित उल्लेख गरिएको व्यहोरा यहाँहरुलाई अवगत गराउन चाहन्छु ।

अन्तर्राष्ट्रिय मुद्रा कोषद्वारा सन् २०२४ अक्टोवरमा प्रकाशित World Economic Outlook अनुसार भूराजनीतिक तनाव, जलवायु परिवर्तन, प्राकृतिक प्रकोप लगायतका कारण विश्वको आर्थिक वृद्धि कोभिड-१९ पूर्वको तुलनामा अझै कमजोर छ । कोषका अनुसार विश्व अर्थतन्त्रको वृद्धिदर सन् २०२३ मा ३.३ प्रतिशत रहेकोमा सन् २०२४ र सन् २०२५ दुवै वर्ष ३.२ प्रतिशत रहने अनुमान गरिएको छ । सन् २०२३ मा १.७ प्रतिशतले विस्तार भएको विकसित अर्थतन्त्र सन् २०२४ र सन् २०२५ दुवै वर्ष १.८ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण छ भने सोहि वर्षमा ४.४ प्रतिशतले विस्तार भएको उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रको वृद्धिदर सन् २०२४ र सन् २०२५ दुवै वर्ष ४.२ प्रतिशतले वृद्धि हुने कोषले प्रक्षेपण गरेको देखिन्छ । यसरी विश्वको अर्थतन्त्रनै केही सुस्ताएको अवस्था छ भने राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/०८१ मा देशको आर्थिक वृद्धि ३.८७ प्रतिशत मात्र हुने अनुमान छ ।

माथि उल्लेख गरेझै समग्र अर्थतन्त्रमा देखिएको संकुचन, सरकारी भुक्तानीमा देखिएको ढिलासुस्ती र नितीहरुमा देखिएको अनिश्चितता आदि कारणसँगै ऋणीहरुमा कर्जाको साँवा तथा ब्याज भुक्तानी गर्ने क्षमतामा आएको ह्रासको कारण बैंकहरुको कर्जा नोक्सानी व्यवस्थामा उल्लेख्य वृद्धि हुन गई बैंकको नाफामा

प्रतिकुल असर पर्न गएको छ । तथापी गत आर्थिक वर्षको तुलनामा समिक्षा आर्थिक वर्षमा बैंकको वासलातको आकार रु.३ खर्व ४७ अर्वबाट बढेर रु.३ खर्व ६१ अर्व पुगेको छ भने बैंकको गैर ब्याज आम्दानीमा उल्लेख्य वृद्धि भएको तथ्यलाई सकारात्मक मान्नु पर्ने हुन्छ ।

विभिन्न अप्ठेरा परिस्थितिहरुका बाबजुद बैंकले चालु आर्थिक वर्षको प्रथम त्रैमाससम्म आईपुग्दा सन्तोषजनक प्रगति गर्न सक्षम भएको छ । अहिलेको यस विषम परिस्थितिमा बैंकको माथिल्लो बिन्दुमा पुगेको निष्कृय कर्जाको असुलीनै सबै भन्दा ठूलो चुनौती रहेको र निष्कृय कर्जा असुलीलाई नै प्राथमिकतामा राखी सोहि अनुसार तदरुकताका साथ कार्य भईरहेको छ । यस अवधिमा हामीले खुद नाफा रु.१ अर्ब ४ करोड गर्न सकेका छौं भने निष्कृय कर्जाको अनुपातलाई पाँच प्रतिशतभन्दा तलनै कायम गर्न सकेका छौं । त्यसैगरी रु.३ खर्ब ९ अर्ब निक्षेप संकलन गरी रु.२ खर्ब ३० अर्ब बराबरको कर्जा प्रवाह गरेका छौं । पूँजी पर्याप्तता अनुपातलाई पनि हामीले नेपाल राष्ट्र बैंकले तोके बमोजिमको सिमाभित्र कायम गर्न सकेका छौं । त्यसैगरी कर्जा निक्षेप अनुपात ७४.७३ प्रतिशत रहेको छ भने औसत आधार दर ७.६५ प्रतिशतमा झरेको छ ।

यस बैंकले प्रविधिमा आएको व्यापक परिवर्तनलाई आत्मसात् गर्दै समयसापेक्ष रुपमा डिजिटल बैकिङ्का विभिन्न प्रविधिमैत्री प्रडक्ट्सलाई प्रभावकारी ढंगले ग्राहकसमक्ष प्रस्तुत गरिरहेको छ । जसका लागि आवश्यक पूर्वाधारको निर्माण, वाह्य कम्पनीहरुसँगको सहकार्यता, नव प्रविधिहरुको प्रयोग एवं तत् सम्बन्धी कुशल जनशक्तिको विकासमा निरन्तर जोड दिएको छ । फलस्वरुप यस बैंकको दैनिक कारोबारमा करिब ६० प्रतिशत हिस्सा डिजिटल माध्यमबाट हुने गरेको तथ्य सहर्ष जानकारी गराउँदछौं । बैंक भित्रका कार्यहरुलाई सुरक्षित, सरल र सजिलो रुपमा सम्पन्न गर्नका लागि प्रविधिमैत्री बनाउँदै लैजाने सर्न्दभमा बजारमा उपलब्ध र आन्तरिकरुपमा विकास गरिएका विभिन्न सफ्टवेयरहरुलाई सुरक्षितरुपमा प्रयोग गरिदै आएको छ । साथै, अँग्रेजी नयाँ वर्ष २०२५ को सुरुवातसंगै बैंकले विद्युतीय कारोबारलाई थप प्रवर्द्धन गर्ने उद्देश्यले स्वचालित काउण्टर "प्रभु डिजिटल क्यूब" सञ्चालनमा ल्याएको छ । उक्त काउण्टरमार्फत चेक डिपोजिट, क्यास रिसाइक्लिङ, स्टेटमेण्ट प्रिन्टिङ, एटिएम तथा विभिन्न कियोस्क मेशिनको माध्यमबाट नगद जम्मा गर्न, नगद निकाल्न, क्लियरिङ चेक जम्मा गर्न, खाताको स्टेटमेण्ट प्रिन्ट गर्न सकिने लगायतका सेवाहरु ग्राहक आफैंले प्राप्त गर्न सक्ने व्यवस्था मिलाईएको छ । यस सेवाको सुरुवातसँगै कार्यालय समय कुरेर काउण्टरमा क्यूमा बसी बैंकिङ्ग सेवा लिनु पर्ने झन्झटको अन्त्य भएको छ र हाल यो सेवा बैंकको मूख्य कार्यालय बबरमहलबाट उपलब्ध गराईएकोमा निकट भविष्यमा आवश्यकता अनुसार अन्य स्थानमा समेत विस्तार गरिने छ । यसै गरी भिसा इन्टरनेसनलको सहकार्यमा बैंकले कर्पोरेट ग्राहकहरुको लागि समेत डेबिट कार्डको सुविधा उपलब्ध गराएको छ ।

निक्षेपकर्ताहरुको सुरक्षाका लागि नेपाल राष्ट्र बैंकको नियमानुसार निश्चित रकम सम्मको निक्षेपहरु निक्षेप तथा कर्जा सुरक्षण निगममा बिमा गरिएको छ भने साना साना कर्जाहरुलाई पनि नियमानुसार सोहि संस्थामा बिमा गरिएको छ । देशको ७७ वटा जिल्लामा यस आर्थिक वर्षमा हामीले हाम्रो शाखा सन्जालको पहुँच पर्‍याउँदै छौं । बैंक तथा वित्तिय संस्थाहरुको शाखाको पहुँच पुग्नु भनेको त्यस क्षेत्रका आम मानिसहरु वित्तिय सेवाको पहुँचमा पुग्नु पनि भएकोले सम्भावनाका धेरै ढोकाहरु खुल्ने गर्दछन । विभिन्न सरकारी, गैर सरकारी संस्थाहरुमा पनि हाम्रो बैंकको शाखा तथा काउण्टरहरु बाट विविध किसिमका सेवाहरु प्रवाह भईरहेका छन् । करीव ३५ लाख निक्षेपकर्ताहरुको निक्षेप सुरक्षित रहेको यस बैंकबाट करीव ३० हजारको हाराहारीमा ऋणीहरुले कर्जा सुविधा उपयोग गरि देशभित्रै उद्यमशीलता बढाउनका लागी टेवा दिईरहेका छन् ।

साविक सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरे पश्चात हामीले शाखाहरुको मिलान, कर्मचारीहरुको पदस्थापना र सम्पतिहरुको व्यवस्थापन लगायतका कार्यहरुलाई टुङ्ग्याई सकेका छौं । माथि भनिएझै गत आर्थिक वर्षमा समग्र अर्थतन्त्रमा आएको संकुचन तथा बैंक, वितीय क्षेत्रमा देखिएको सुस्तताबाट यस बैंक समेत अछुतो रहन सकेन फलतः बैंकले शेयरधनीहरुलाई प्रतिफल बाँड्न असमर्थ भयो । तर यस आर्थिक वर्ष र आगामी वर्षहरुमा बैंकले शेयरधनीहरुलाई यथोचित प्रतिफल प्रदान गर्नका लागि भरमगदुर प्रयास गरिरहेको र गर्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु । आगामी दिनहरुमा साँवा तथा ब्याजको असुली प्रक्रियालाई अझ विशेष महत्वकासाथ अघि बढाउने योजना रहको छ । हुनत समग्र अवस्था असुलिका लागि अनुकुल छैन । उद्यमी व्यवसायीहरु पनि पिडितनै रहेको जगजाहेरनै छ । तर पनि हामीले हाम्रो बैंकको स्वास्थलाई बलियो बनाउनका लागि केही तिता निर्णयहरु लिनुपर्ने देखिन्छ, जस अन्तर्गत निष्क्रिय रहेका केही ठूला कर्जाहरुको असुलीका लागि कानुनी प्रक्रियाहरुको थालनी गर्नुपर्ने, कर्जाको साँवा रकम भन्दा कम मूल्यमा धितो राखिएका घरजग्गाहरु र मेशिनजन्य सम्पत्तीहरुको बेचबिखन गर्नुपर्ने तथा ऋणीहरुको खोजीनिति गर्नुपर्ने देखिन्छ । यस कार्यका लागी अहिले पनि प्रदेशगतरुपमा कार्यदल बनाई काम भईरहेको छ तर अहिलेको काम गराईको शैली केही नरम र सहजताका साथ ऋणीको अनुकुलमा भईरहेको छ । बैंकको नियत ऋणीहरुलाई घरबार बिहिन बनाएर सडकमा पुर्‍याउने पक्कै हैन तर बैंकका शेयरधनीहरु र निक्षेपकर्ताहरु प्रति पनि हाम्रो उतिकै दायित्व रहेकाले अव उपरान्त हाम्रा असुलीका प्रक्रियाहरु केही बदलिंदो स्वरुपको हुनेछ । यसरी खराब कर्जाको असुलीलाई विशेष प्राथमिकतामा राखी असुली कार्य भईरहेको, साना तथा

मझौला कर्जा प्रवाहमा जोड दिईएको, कर्जाको जोखिम तथा गुणस्तरमा विशेष ध्यान दिएर मात्र कर्जा प्रवाह गर्ने नीति लिईएको, कर्मचारीहरुको दक्षता अभिवृद्धिमा विभिन्न तालिम तथा गोष्ठिहरु सञ्चालन भईरहेको र पर्याप्त कर्जा नोक्सानी व्यवस्था कायम भईसकेकोले पनि आगामी दिनमा बैंक थप बलियो, सबल र सुदृढ हुनेमा बैंक सञ्चालक समिति तथा व्यवस्थापन विश्वस्त रहेको व्यहोरा यहाँहरुलाई जानकारी गराउन चाहन्छु ।

हाम्रो निमन्त्रणालाई स्वीकार गरी आजको यस गरिमामय सभामा उपस्थित हुनु हुने सम्पूर्ण महानुभावहरुमा हृदय देखिनै कृतज्ञता ज्ञापन गर्न चाहान्छु । आजसम्मको हाम्रो यात्रामा प्रत्यक्ष, अप्रत्यक्षरुपमा हामीलाई साथ, सहयोग र शुभेच्छा प्रदान गर्नु हुने सम्पूर्ण आदरणीय शेयरधनीहरु, नियामक निकायहरु, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेञ्ज लगायतका सहजकर्ता संस्थाहरु, प्रकाशन गृहहरु, पत्रकार मित्रहरु एवं कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा, सञ्चालक समितिको वार्षिक प्रतिवेदनका साथै, आर्थिक वर्ष २०८०/०८१ को वित्तीय अवस्थाको विवरण (वासलात), नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु र सोही वर्ष बैंकले सम्पादन गरेका कार्यहरुको समीक्षा र भावी कार्यक्रम सहितको वार्षिक प्रतिवेदन उपर छलफल गरी अनुमोदन एवं स्वीकृत गरी दिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्दछु ।

धन्यवाद ।

**लिला प्रकाश सिटौला**
अध्यक्ष
मिति : २०८१/०९/२९


www.prabhubank.com
Prabhu Bank
AUTOLOAN
8.49%
PER ANNUM
सपनाको कार
८.४९% ब्याजदर
(शर्तहरु लागु हुनेछन् ।)
Prabhu Bank
BANK OF THE YEAR 2023
THE BANKER
BANK OF THE YEAR
2023
Prabhu Bank Limited
Babarmahal, Kathmandu, Nepal, P.O Box: 19441
Tel No. : +977-1-5719000 | Email : info@prabhubank.com
Fax No.: +977-1-4780588 | SWIFT : PRVUNPKA

# तेइसौं वार्षिक साधारण सभामा पेश भएको सञ्चालक समितिको प्रतिवेदन : आर्थिक वर्ष २०८०/०८१

**आदरणीय शेयरधनी महानुभावहरु,**

प्रभु बैंक लिमिटेडको यस तेइसौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, विभिन्न नियमनकारी निकायबाट पाल्नु भएका प्रतिनिधिज्यूहरु, पर्यवेक्षकज्यूहरु, अन्य आमन्त्रित महानुभावहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरुलाई बैंक सञ्चालक समिति साथै, बैंक परिवारको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछौं ।

आजको यस गरिमामय साधारण सभामा सञ्चालक समितिको तर्फबाट यहाँहरु समक्ष सञ्चालक समितिको वार्षिक प्रतिवेदन, बैंकको आ.व. २०८०/०८१ को वितीय अवस्थाको विवरण, नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु लगायत अन्य वितीय विवरणहरु तथा यस अवधिमा बैंकले सम्पादन गरेका कार्यहरु र उपलब्धिको समीक्षा एवं भावी कार्यक्रम सहितको वार्षिक प्रतिवेदन स्वीकृतिका लागि प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क. आर्थिक तथा बैंकिङ्ग क्षेत्रका परिसूचकहरु :**

**१. विश्व अर्थतन्त्र :**

अन्तर्राष्ट्रिय मुद्रा कोषद्वारा सन् २०२४ अक्टोबरमा प्रकाशित World Economic Outlook अनुसार भूराजनीतिक तनाव, जलवायु परिवर्तन, प्राकृतिक प्रकोप लगायतका कारण विश्वको आर्थिक वृद्धि कोभिड-१९ पूर्वको तुलनामा अझै कमजोर छ । कोषका अनुसार विश्व अर्थतन्त्रको वृद्धिदर सन् २०२३ मा ३.३ प्रतिशत रहेकोमा सन् २०२४ र सन् २०२५ दुवै वर्ष ३.२ प्रतिशत रहने अनुमान गरिएको छ । सन् २०२३ मा १.७ प्रतिशतले विस्तार भएको विकसित अर्थतन्त्र सन् २०२४ र सन् २०२५ दुवै वर्ष १.८ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण रहेको छ भने सोहि वर्षमा ४.४ प्रतिशतले विस्तार भएको उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रको वृद्धिदर सन् २०२४ र सन् २०२५ दुवै वर्ष ४.२ प्रतिशतले वृद्धि हुने कोषले प्रक्षेपण गरेको देखिन्छ ।

यसैगरी छिमेकी मुलुकहरु भारत र चीनको अर्थतन्त्र क्रमशः ८.२ प्रतिशत र ५.२ प्रतिशतले विस्तार भएकोमा सन् २०२४ मा क्रमशः ७.० प्रतिशत र ४.८ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ । सन् २०२५ मा भारत र चीनको अर्थतन्त्र क्रमशः ६.५ प्रतिशत र ४.५ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण छ ।

**२. देशको आर्थिक अवस्था :**

**अ. कुल ग्राहस्थ उत्पादन :**

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/०८१ मा ३.८७ प्रतिशत आर्थिक वृद्धि हुने अनुमान छ । आर्थिक वर्ष २०८०/०८१ मा नेपालको आर्थिक वृद्धिदर आधारभूत मूल्यमा २.१६ प्रतिशत तथा उत्पादकको मूल्यमा १.८६ प्रतिशत रहेको छ । कृषि क्षेत्रको वृद्धि ३.०५ प्रतिशत, उद्योग क्षेत्रको १.२५ प्रतिशत र सेवा क्षेत्रको वृद्धि ४.५० प्रतिशत रहेको अनुमान छ । आर्थिक वर्ष २०८०/०८१ मा कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको ७.६१ प्रतिशत पुगेको छ । त्यसैगरी, कुल स्थिर पूँजी निर्माण र कुल राष्ट्रिय बचतको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः २४.४५ प्रतिशत र ३६.१५ प्रतिशत रहेको छ ।

**आ. मुद्रास्फीति :**

आर्थिक वर्ष २०८०/०८१ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ५.४४ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ७.७४ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०८०/०८१ मा काठमाडौं उपत्यकाको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ५.९९ प्रतिशत, तराईको ४.८२ प्रतिशत, पहाडको ५.७८ प्रतिशत र हिमालको ६.८६ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्ष उक्त क्षेत्रहरुको यस्तो मुद्रास्फीति क्रमशः ७.५५ प्रतिशत, ८.०० प्रतिशत, ७.५६ प्रतिशत र ७.१२ प्रतिशत रहेको थियो ।

**इ. वैदेशिक व्यापार, विप्रेषण आप्रवाह, चालु खाता तथा शोधानान्तर स्थिति :**

**वैदेशिक व्यापार :**

आर्थिक वर्ष २०८०/०८१ मा कुल वस्तु निर्यात ३.० प्रतिशतले कमी आई रु.१५२ अर्ब ३८ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो निर्यात २१.४ प्रतिशतले घटेको थियो । गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ भएको निर्यात क्रमशः ३.३ प्रतिशत र ४.३

प्रतिशतले घटेको छ भने चीनतर्फ भएको निर्यात ४६.६ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा कुल वस्तु आयात १.२ प्रतिशतले कमी आई रु.१,५९२ अर्ब ९९ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आयात १६.१ प्रतिशतले घटेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत तथा अन्य मुलुकबाट भएको आयात क्रमशः ३.० प्रतिशत र १७.६ प्रतिशतले घटेको छ भने चीनबाट भएको आयात ३४.२ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा कुल वस्तु व्यापार घाटा १.० प्रतिशतले कमी आई रु.१,४४० अर्ब ६० करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो घाटा १५.५ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा निर्यात-आयात अनुपात ९.६ प्रतिशत पुगेको छ । अघिल्लो वर्ष यस्तो अनुपात ९.७ प्रतिशत रहेको थियो ।

**विप्रेषण आप्रवाह :**

आर्थिक वर्ष २०८०/०८१ मा विप्रेषण आप्रवाह १६.५ प्रतिशतले वृद्धि भई रु.१,४४५ अर्ब ३२ करोड पुगेको छ । अघिल्लो वर्ष विप्रेषण आप्रवाह २३.२ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह १४.५ प्रतिशतले वृद्धि भई रु.१० अर्ब ८६ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १३.९ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ४,६०,१०३ र पुनः श्रम स्वीकृति लिनेको संख्या २,८१,१९९ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः ४,९७,७०४ र २,७७,२७२ रहेको थियो । समीक्षा वर्षमा खुद ट्रान्सफर १४.७ प्रतिशतले वृद्धि भई रु.१,५७१ अर्ब २४ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो ट्रान्सफर २२.५ प्रतिशतले बढेको थियो ।

**चालु खाता तथा शोधानान्तर स्थिति :**

आर्थिक वर्ष २०८०/०८१ मा चालु खाता रु.२२१ अर्ब ३४ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष चालु खाता रु.४६ अर्ब ५७ करोडले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्ष ३६ करोड ६ लाखले घाटामा रहेको चालु खाता समीक्षा वर्षमा १ अर्ब ६६ करोडले बचतमा रहेको छ । समीक्षा वर्षमा पुँजीगत ट्रान्सफर २२.९ प्रतिशतले कमी आई रु.५ अर्ब ८१ करोड पुगेको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु.८ अर्ब ४० करोड कायम भएको छ । अघिल्लो वर्ष पुँजीगत ट्रान्सफर रु.७ अर्ब ५४ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु.६ अर्ब १७ करोड रहेको थियो । समीक्षा वर्षमा शोधनान्तर स्थिति रु.५०२ अर्ब ४९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष शोधनान्तर स्थिति रु.२८५ अर्ब ८२ करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्ष २ अर्ब १७ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा वर्षमा ३ अर्ब ७७ करोडले बचतमा रहेको छ ।

**ई. विदेशी विनिमय सञ्चिति :**

२०८० असार मसान्तमा रु.१,५३९ अर्ब ३६ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ३२.६ प्रतिशतले वृद्धि भई २०८१ असार मसान्तमा रु.२,०४१ अर्ब १० करोड कायम भएको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०८० असार मसान्तमा ११ अर्ब ७१ करोड रहेकोमा २०८१ असार मसान्तमा ३०.४ प्रतिशतले वृद्धि भई १५ अर्ब २७ करोड कायम भएको छ । आर्थिक वर्ष २०८०/०८१ को आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १५.६ महिनाको वस्तु आयात र १३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

**उ. निक्षेप परिचालन :**

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप १३ प्रतिशत अर्थात रु.७४२ अर्ब ३७ करोड बढेको छ । अघिल्लो वर्ष यस्तो निक्षेप १२.३ प्रतिशत अर्थात रु.६२७ अर्ब २५ करोड बढेको थियो ।

२०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः ५.८ प्रतिशत, ३०.३ प्रतिशत र ५६.४ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अंश क्रमशः ७.७ प्रतिशत, २६.६ प्रतिशत र ५८.९ प्रतिशत रहेको थियो । २०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३६.२ प्रतिशत रहेको छ । २०८० असार मसान्तमा यस्तो निक्षेपको अंश ३६.६ प्रतिशत रहेको थियो ।

**ऊ. कर्जा तथा सापट :**

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ५.८ प्रतिशत अर्थात रु.२७६ अर्ब ९४ करोड बढेको छ । अघिल्लो वर्ष यस्तो कर्जा ३.८ प्रतिशत अर्थात रु.१७५ अर्ब ९४ करोड बढेको थियो ।

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैर-वित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ६३.३ प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ३६.७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६२.७ प्रतिशत र ३७.३ प्रतिशत रहेको थियो ।

आर्थिक वर्ष २०८०/०८१ मा बैंक तथा वित्तीय संस्थाहरुको कृषि क्षेत्रतर्फको कर्जा ०.९ प्रतिशतले, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ८.८ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १६.७ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा १.५ प्रतिशतले र सेवा उद्योग क्षेत्रतर्फको कर्जा ६.२ प्रतिशतले बढेको छ । समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित आवधिक कर्जा २२.२ प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) ९.६ प्रतिशतले, मार्जिन प्रकृति कर्जा १८.१ प्रतिशतले र ट्रष्ट रिसिट (आयात) कर्जा १२.६ प्रतिशतले बढेको छ भने हायर पर्चेज कर्जा २२.० प्रतिशतले, ओभरड्राफ्ट कर्जा ४६.३ प्रतिशतले र डिमाण्ड तथा चालु पूँजी कर्जा १७.६ प्रतिशतले घटेको छ ।

**ख. आर्थिक वर्ष २०८०/०८१ मा बैंकको कारोबारको सिंहावलोकन** : बैंकले आर्थिक वर्ष २०७९/०८० र आर्थिक वर्ष २०८०/०८१ मा गरेको कारोबारको तुलनात्मक विवरण निम्नानुसार रहेको छ ।

रकम रु. लाखमा

| विवरण | २०८१ आषाढ मसान्त | २०८० आषाढ मसान्त | परिवर्तन प्रतिशत |
|---|---|---|---|
| वासलात तर्फ | | | |
| कुल सम्पत्ति | ३६,११,१८७ | ३४,७९,७६४ | ३.७८ |
| चुक्ता पूँजी | २,३५,४२५ | २,३५,४२५ | - |
| जगेडा तथा कोषहरु | ९०,९७२ | ७८,०९७ | १६.४९ |
| कुल कर्जा लगानी | २३,४४,९०५ | २४,२१,०३५ | (३.१४) |
| अन्य लगानी | ९,४३,२७९ | ७,०५,९०२ | ३३.६३ |
| निक्षेप संकलन | ३१,२२,२९१ | २९,५९,४४० | ५.५० |
| नाफा नोक्सान हिसाब तर्फ | | | |
| खुद ब्याज आम्दानी | १,१८,९०९ | १,००,६६४ | १८.१२ |
| गैर ब्याज आम्दानी | २७,४८४ | २१,९९९ | २४.९३ |
| सञ्चालन खर्च | ६७,६७२ | ५४,८१२ | २३.४६ |
| सञ्चालन मुनाफा | ३१,५०१ | १५,५१८ | १०२.९९ |
| खुद मनाफा | ५,१०९ | २,८०२ | ८२.३३ |
| | | | |
| अन्य विवरण | | | |
| पूँजीकोष (%) | १२.३७ | ११.८७ | ४.२१ |
| निष्कृय कर्जा अनुपात (%) | ४.९४ | ४.९८ | (०.८०) |
| कर्जा निक्षेप अनुपात (%) | ७४.६६ | ८०.३९ | (७.१३) |
| आधार दर (%) | ८.२० | १०.१६ | (१९.२९) |
| ब्याजदर अन्तर (%) | ३.९७ | ४.८६ | (१८.३१) |
| प्रति शेयर आम्दानी (रु.) | २.१७ | १.१९ | ८२.३५ |
| प्रति शेयर खुद सम्पत्ति (रु.) | १३८.६४ | १३३.१७ | ४.११ |

**कुल सम्पत्ति** : आर्थिक वर्ष २०७९/०८० को आषाढ मसान्तमा कुल सम्पत्ति रु.३ खर्ब ४७ अर्ब ९७ करोड ६४ लाख रहेकोमा आ.व. २०८०/०८१ को आषाढ मसान्तमा कुल सम्पत्तिमा ३.७८ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ६१ अर्ब ११ करोड ८७ लाख पुगेको छ ।

**चुक्ता पूँजी एवं संरचना** : आर्थिक वर्ष २०८०/०८१ को आषाढ मसान्तमा बैंकको चुक्ता पूँजी रु.२३ अर्ब ५४ करोड २४ लाख ८९ हजार ८ सय ३२ रहेको छ । चुक्ता पूँजीमध्ये ५१ प्रतिशत संस्थापक र ४९ प्रतिशत सर्वसाधारण रहेको छ ।

**जगेडा तथा कोषहरु** : आर्थिक वर्ष २०७९/०८० को आषाढ मसान्तमा कायम रहेको जगेडा तथा कोषहरुको रकम रु.७ अर्ब ८० करोड ९७ लाख रहेकोमा आ.व. २०८०/०८१ को आषाढ मसान्त सम्ममा १६.४९ प्रतिशतले वृद्धि भई रु.९ अर्ब ९ करोड ७२ लाख पुगेको छ ।

**कर्जा तथा सापटी** : बैंकले गत २०७९/०८० सम्ममा प्रवाह गरेको कर्जा तथा सापटी रकम रु.२ खर्ब ४२ अर्ब १० करोड ३५ लाख रहेकोमा आ.व. २०८०/०८१ को अन्त्यमा कर्जा तथा सापटी रकम रु.२ खर्ब ३४ अर्ब ४९ करोड ५ लाख रहेको छ ।

आर्थिक वर्ष २०८०/०८१ सम्म प्रवाह गरेको कुल कर्जा सापटमध्ये व्यक्तिगत आवासिय घर कर्जामा ५.८३ प्रतिशत, रियल स्टेट कर्जामा ५.७३ प्रतिशत, मार्जिन लेन्डिङ्ग कर्जामा १.३६ प्रतिशत, विपन्न बर्ग कर्जामा ५.४१ प्रतिशत, क्यास क्रेडिट कर्जामा ११.१८ प्रतिशत, अल्पकालिन कर्जामा १४.०३ प्रतिशत, आवधिक कर्जामा ४६.३६ प्रतिशत र बाँकी अन्य कर्जामा १०.१० प्रतिशत लगानी रहेको छ । आर्थिक वर्ष २०८०/०८१ मा बैंकले लगानी गरेको कुल कर्जामध्ये प्राथमिकता प्राप्त क्षेत्रमा ३०.२७ प्रतिशत लगानी गरेको छ, जसमध्ये कृषि क्षेत्रमा ९.८१ प्रतिशत लगानी रहेको छ । बैंकले आर्थिक वर्ष २०८०/०८१ सम्ममा जल विद्युत क्षेत्रमा योगदान पुर्‍याउने उद्देश्यले ५२ वटा हाइड्रोपावर परियोजना मार्फत १,५३४.४९ मेगावाट क्षमताका जलविद्युत परियोजनाका लागि कुल स्वीकृत सीमा रु.३३ अर्ब ३२ करोड ५३ लाखमध्ये रु.१८ अर्ब २१ करोड ८७ लाख प्रवाह गरेको छ । साथै, बैंकले आ.व. २०८०/०८१ सम्ममा नेपाल राष्ट्र बैंकबाट जारी भएको "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि २०७५ (तेश्रो संशोधन सहित)" अन्तर्गतका विभिन्न क्षेत्रमा कुल ५,७०९ वटा परियोजनाहरुमा रु.४ अर्ब ३२ करोड ४७ लाख ९० हजार कर्जा प्रवाह गरेको छ ।

**लगानी :** बैंकले आ.व. २०८०/०८१ को अन्त्यसम्ममा रु.९४ अर्ब ३२ करोड ७९ लाख लगानी गरेको छ । जसमध्ये विकास बण्डमा रु.३६ अर्ब ३ करोड ९० लाख, ट्रेजरी बिल्समा रु.२६ अर्ब २० करोड ७९ लाख र नेपाल राष्ट्र बैंकको निक्षेपमा रुपमा रु.२६ अर्व गरी रु.८८ अर्ब २५ करोड १२ लाख लाख अर्थात कुल लगानीको ९३.५६ प्रतिशत र अन्य संगठित संस्थाहरुको शेयरमा रु.५ अर्ब ११ करोड ११ लाख अर्थात कुल लगानीको ५.४२ प्रतिशत लगानी गरेको छ । बैंकका सहायक कम्पनीमा रु.७९ करोड ५७ लाख लगानी रहेको छ ।

**निक्षेप संकलन :** बैंकले आ.व.२०७९/०८० को अन्त्यसम्ममा परिचालन गरेको कुल निक्षेप रु.२ खर्ब ९५ अर्ब ९४ करोड ४० लाख रहेकोमा आ.व. २०८०/०८१ मा ५.५० प्रतिशतले वृद्धि गरी कुल निक्षेप परिचालन रु.३ खर्ब १२ अर्ब २२ करोड ९१ लाख पुगेको छ, जसमध्ये ग्राहकहरुको निक्षेप रु.३ खर्ब ०५ अर्ब १ करोड २८ लाख तथा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप रु.७ अर्ब २१ करोड ६२ लाख रहेको छ । बैंकको कुल निक्षेपमा चल्ती निक्षेपको अंश ७.५९ प्रतिशत, मागेको बखत तिर्नुपर्ने निक्षेपको अंश ६.५१ प्रतिशत, मुद्दती निक्षेपको अंश ५४.८३ प्रतिशत र बचत निक्षेपको अंश ३१.०७ प्रतिशत रहेको छ ।

**खुद ब्याज आम्दानी :** आ.व.२०७९/०८० मा बैंकको खुद ब्याज आम्दानी रु.१० अर्ब ६ करोड ६४ लाख रहेकोमा आ.व. २०८०/०८१ मा १८.१२ प्रतिशतले वृद्धि भई रु.११ अर्ब ८९ करोड ९ लाख पुगेको छ ।

**गैर ब्याज आम्दानी :** आ.व. २०७९/०८० मा बैंकको खुद गैर ब्याज आम्दानी रु.२ अर्ब १९ करोड ९९ लाख रहेकोमा आ.व. २०८०/०८१ मा २४.९३ प्रतिशतले वृद्धि भई रु.२ अर्ब ७४ करोड ८४ लाख पुगेको छ ।

**सञ्चालन खर्च :** आ.व.२०७९/०८० मा बैंकको कुल सञ्चालन खर्च रु.५ अर्ब ४८ करोड १२ लाख रहेकोमा आ.व. २०८०/०८१ मा २३.४६ प्रतिशतले वृद्धि भई रु.६ अर्ब ७६ करोड ७२ लाख पुगेको छ ।

**सञ्चालन मुनाफा :** आ.व.२०७९/०८० मा बैंकको कुल सञ्चालन मुनाफा रु.१ अर्ब ५५ करोड १८ लाख रहेकोमा आ.व. २०८०/०८१ मा १०२.९९ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब १५ करोड १ लाख पुगेको छ ।

**खुद मुनाफा :** आ.व.२०७९/०८० मा बैंकको खुद मुनाफा रु.२८ करोड २ लाख रहेकोमा आ.व. २०८०/०८१ मा ८२.३१ प्रतिशतले वृद्धि भई रु.५१ करोड ८ लाख पुगेको छ ।

**ग. प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धी र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा :**

१. यस बैंकको चालु आर्थिक वर्षको पहिलो त्रयमास सम्ममा निक्षेप परिचालन रु.३ खर्ब ९ अर्ब ७ करोड ७९ लाख, कर्जा लगानी रु.२ खर्ब ३० अर्ब ५४ करोड ३० लाख र खुद मुनाफा रु.१ अर्ब ४ करोड ६ लाख ५७ हजार रहेको छ ।

**२. शाखा विस्तार :**

बैंकले आफ्नो कार्यक्षेत्र विस्तार गर्ने कार्यलाई निरन्तरता दिंदै आएको छ । बैंकले पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्म शाखा विस्तार गरी प्रतिवेदन तयार पार्दाको मितिसम्ममा आफ्ना ३११ वटा शाखा कार्यालय, ६९ वटा एक्स्टेन्सन काउण्टर एवं २८३ वटा एटिएमबाट कारोबार सञ्चालन गर्दै आएको छ । त्यसैगरी चालु आर्थिक वर्षमा उपत्यका भित्र तथा बाहिर

आवश्यकता बमोजिम थप शाखा/एक्स्टेन्सन काउण्टर खोल्ने तथा शाखा संजाललाई थप व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिने योजना रहेको छ । यसरी विस्तारित शाखा सञ्जालले देशको सुगम क्षेत्रमा मात्र नभई दुर्गम तथा हिमाली भेगमा समेत बैंकिङ्ग सुविधाको पहुँच पुग्ने र नेपाल सरकारले अवलम्बन गरेको वित्तीय समावेशीतामा समेत टेवा पुग्ने बैंकको विश्वास रहेको छ ।

**३. सेवा विस्तार :**

बैंकले ग्राहकको चाहना तथा माग बमोजिम ग्राहकवर्ग समक्ष नवीनतम् परिमार्जित, भरपर्दो तथा गुणस्तरिय सेवा प्रदान गर्दै आइरहेको छ । यसका निमित्त प्रविधिमा भइरहेको विकास, ग्राहक वर्गको आवश्यकता, समयको माग आदि पक्षहरुको मुल्याङ्कन गरी आफ्नो जनशक्तीलाई सवल र सक्षम बनाउँदै बैंकले अनुसन्धान र विकासको निरन्तरतालाई महत्वका साथ ग्रहण गरेको छ ।

बैंकले बिद्युतीय भुक्तानी सेवालाई प्रोत्साहन तथा प्रवर्द्धन गर्ने उद्देश्यले QR Code तथा POS मेशिन मार्फत हुने कारोबारलाई थप तिव्रताका साथ अघि बढाईएको छ भने आगामी दिनमा यस्ता सेवालाई व्यापकता दिंदै अझ भरपर्दो बनाउँदै लगिने छ ।

ग्राहकहरुलाई नगद राख्न र भुक्तानी लिनको लागि बैंकको काउन्टरमा लाईन बस्नु पर्ने झन्झटबाट मुक्त गर्ने उद्देश्यले बैंकको मुख्य कार्यालय बवरमहलबाट Cash Recycle Machine (CRM), Online खाता खोल्ने तथा मुद्धती निक्षेप खाता खोल्न मिल्ने गरी सुरु गरिएको Online Account सेवालाई आगामी दिनमा अझ प्रभावकारी बनाईने छ ।

**४. बैंकको भावी योजना तथा कार्यक्रमहरु निम्नानुसार रहेका छन् :**

क. निक्षेपलाई विविधीकरण गर्न विभिन्न किसिमका नयाँ-नयाँ योजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।

ख. कर्जाको गुणस्तरलाई कायम राख्ने र कृषि, उर्जा, पर्यटन र लघु तथा साना मझौला उद्योगमा कर्जा लगानीलाई प्राथमिकता दिने ।

ग. विद्यमान शाखा सञ्जाललाई बढी उत्पादनशील एवं कार्यकुशल बनाउने, व्यक्तिगत निक्षेपको हिस्सा वृद्धि गर्ने तथा समग्र व्यवसायको वृद्धि गर्ने ।

घ. गैरकोषमा आधारित कारोबारलाई वृद्धि गर्नुका साथै विविधीकरण गर्ने ।

ङ. बैंकको आन्तरिक नियन्त्रण प्रणाली तथा संस्थागत सुसाशनलाई अझ सुदृढ गर्ने ।

च. बैंकको दैनिक कार्य सञ्चालनलाई छिटो, छरितो तथा विश्वस्नीय बनाउनका लागि Automation एवं Digitization कार्यलाई थप तिब्रता दिने ।

छ. कर्मचारीहरुको कार्य दक्षता अभिवृद्धिका लागि आवश्यक तालिम दिई मानव संसाधनको विकास गर्ने ।

ज. व्यापार व्यवसायको नयाँ क्षेत्र पहिचान गर्ने र बैंकको उपलब्ध साधन श्रोतको सही र उचित तवरले प्रयोग गरी व्यवसाय र आम्दानीमा वृद्धि गर्ने ।

झ. आधुनिक प्रविधिलाई आत्मसात गर्दै Digital Signature र Digitization को माध्यमद्वारा कागजको प्रयोग विनानै कार्य गर्ने वातावरण (Paperless Environment) लाई प्राथमिकताका साथ अगाडी बढाउने ।

ञ. बैंकले प्रयोग गरिरहेको Mobile Banking System स्तरोन्ती गर्ने तथा नेपाल पे (NPAY) Smart QR Code जस्ता QR Code Based भुक्तानी प्रणालीलाई विस्तार गर्दै लैजाने ।

ट. कार्डबाट हुने भुक्तानीलाई सरल बनाउन Contact Less, Virtual Card प्रविधिको विस्तार गरिने ।

ठ. अन्तर्राष्ट्रिय बजारमा बैंकको पहिचान स्थापित गर्न तथा थप कर्जा विस्तार गर्न सघाउ पुऱ्याउने उद्देश्यलाई मुर्त रुप दिन ख्यातिप्राप्त अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुबाट श्रोत परिचालनका लागि प्रयास गरिने ।

ड. नेपाल सरकारले अवलम्बन गरेको हरित अर्थतन्त्रमूखि रणनीति अनुरुप Green Financing लाई प्रोत्साहन गरिने ।

ढ. नेपालको दिगो विकास लक्ष्य, २०१६-२०३० (Sustainable Development Goals, 2016-2030) ले पहिचान गरेका १७ वटा क्षेत्रहरुमा तोकिएका लक्ष्य प्राप्तिका लागि बैंकले गरेका कार्यहरुलाई निरन्तरता दिईने ।

**५. प्रविधि विकास तथा सूचना व्यवस्थापन प्रविधि:** बैंकले हाल प्रयोग गरिरहेको Core Banking System Finacle Version 10.02.18 लाई Version 10.02.25 मा स्तरोन्नती गरिएको छ, जसले ग्राहकहरुलाई थप सुरक्षित तथा अत्याधुनिक सेवा सुविधा उपलब्ध गराउन महत्वपूर्ण भुमिका खेलेको छ ।

आ.व. २०८०/०८१ मा बैंकले सूचना प्रविधिको विस्तारका लागि निम्नलिखित थप कार्यहरु गरेको छ ।

क. ग्राहकहरुले घरमै बसेर Online तथा मोबाईल बैंकिङ्गबाट मुद्धती निक्षेप बापत कर्जा लिन सकिने गरी डिजिटल सेवाको सुरुवात गरेको छ ।
ख. डिजिटल माध्यमबाट हुने कारोबार सम्बन्धी सुरक्षा मापदण्ड (PCI-DSS V 4.0) प्रमाणिकरण प्राप्त गरेको छ ।
ग. मोबाईल बैंकिङ्ग मार्फत आफ्नो डेबिट/क्रेडिट/डलर कार्डको ब्यालेन्स हेर्न तथा ब्लक/अन ब्लक गर्न सकिने व्यवस्था मिलाईएको छ ।
घ. दैनिकरुपमा हुने आन्तरिक कारोबारलाई सरलिकृत तथा व्यवस्थित गर्नका लागि विभिन्न अटोमेशनका मोडलहरु सञ्चालनमा ल्याइएको छ र केही ल्याउने प्रकृयामा रहेका छन् ।

**६. मानव संशाधन :**

जनशक्ति विकास र योजनाको कार्यलाई दृढताका साथ अघि बढाउँदै कर्मचारीहरुको क्षमता र दक्षतालाई थप पूँजीकृत गर्ने कार्यलाई निरन्तरता प्रदान गरेको छ । बैंकले आ.व. २०८०/०८१ र चालु आर्थिक वर्षमा कर्मचारीहरुको संख्या तथा खर्चमा कटौती गर्न साथै, दक्ष तथा क्षमतावान कर्मचारीहरुलाई थप अवसर प्रदान गर्नका लागि स्वेच्छिक अवकाश योजना ल्याएकोमा गत आर्थिक वर्ष १४८ जना र चालु आर्थिक वर्ष १८ जना गरी १६६ जना कर्मचारीहरु उक्त योजनामा सहभागी भएका थिए । बैंकका कर्मचारीहरुलाई वृत्ती विकासका लागि समान अवसर दिनुका साथै, उनीहरुलाई समयसापेक्ष, दक्ष र योग्य बनाउन तथा क्षमता अभिवृद्धिका लागि समय समयमा विभिन्न आन्तरिक तथा बाह्य तालिम, सेमिनार तथा गोष्ठीहरुमा सहभागी गराउँदै आएको छ । समीक्षा अवधिमा बैंकले ई-प्रविधीको आधारमा १५ वटा र भौतिकरुपमा २४५ वटा तालिम सम्पन्न गरेको छ, जसमा विभिन्न तहका कर्मचारीहरुको सहभागिता रहेको थियो । आगामी वर्षहरुमा समेत कर्मचारीहरुको ज्ञान तथा क्षमता वृद्धिका लागि निरन्तररुपमा आन्तरिक तथा बाह्य तालिम सञ्चालन गरिनेछ । बैंकमा हाल कर्मचारीको संख्या ३,२२५ (१,७०२ पुरुष र १,५२३ महिला) रहेको छ ।

**७. कम्पनीको औद्योगिक र व्यावसायिक सम्बन्ध :**

बैंकले आफ्नो व्यवसायिक दायरालाई फराकिलो पार्दै जानका लागि बैंकसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सरोकार राख्ने संघसंस्था तथा औद्यौगिक व्यवसायिक प्रतिष्ठानहरुसँग सुमधुर सम्बन्ध स्थापित गरी सो सम्बन्धलाई अभिवृद्धि गर्दै लगेको र सो क्रमलाई भविष्यमा पनि निरन्तरता दिइने छ । अन्तर्राष्ट्रिय क्षेत्रमा पनि विभिन्न मुलुक भारत, चीन, अमेरिका, यूरोप, अष्ट्रेलिया, दुवई, कोरिया, जापानमा रहेका बैंकसँग सम्बन्ध स्थापित गरी सुमधुर व्यापारिक सम्बन्ध बनाउने कार्य भएको छ । बैंकले यस आ.व.मा नेपालको दिगो विकास लक्ष्य, २०१६-२०३० (Sustainable Development Goals, 2016-2030) ले पहिचान गरेका १७ वटा क्षेत्र अन्तर्गत क्षेत्र नं.१ (No Poverty) र क्षेत्र नं.२ (Zero Hunger) प्राप्त गर्ने उद्देश्यले नेपाल सरकारद्वारा प्रवर्द्धित कृषि क्षेत्र विकास कार्यक्रमसँग सम्झौता गरी कर्णाली प्रदेशमा कृषि कर्जा अगाडी बढाएको छ । साथै, बैंकले लगानी गरेको कर्जाले संयुक्त राष्ट्र संघले अंगीकार गरेको दिगो विकास सम्बन्धी १७ वटा लक्ष्य प्राप्त गर्न थोरै भएपनि सघाउ पुग्ने विश्वास लिएको छ ।

**८. संस्थागत सामाजिक उत्तरदायित्व :**

समाजप्रति हरेक संघ संस्थाको केही न केही दायित्व हुने हुँदा आफ्नो संस्कृति र राष्ट्रिय सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्नुका साथै समाजमा रहेका सामाजिक, शैक्षिक तथा परोपकारी संस्था, मठ-मन्दिर, अस्पताल, खेलकुद लगायत दैवी प्रकोप परेको समयमा दान तथा सहयोग गरेर सामाजिक दायित्व वहन गर्नुपर्छ भन्ने बैंकको मान्यता रहँदै आएको छ । समीक्षा अवधिमा बैंकले भौतिकरुपमा उपस्थिती बिनानै मोवाईलको प्रयोगबाट फन्ड ट्रान्सफर, पानी, बिजुली, इन्टरनेट, टेलिफोन, स्कुल, कलेजको बिल भुक्तानी, आधुनिक भुक्तानी प्रणाली क्युआर, डेबिट तथा क्रेडिट कार्डको प्रयोग र महत्वका विषयमा ग्राहकहरुलाई बुझाउने उद्देश्यले देशैभर डिजिटल बैंकिङ्ग वित्तीय साक्षरता तथा ग्राहक सचेतना अभियान सञ्चालन गरेको छ । बैंकले विगतमाझै शिक्षा, स्वास्थ्य, खेलकुद, दैवी प्रकोप, वातावरण संरक्षण आदि क्षेत्रमा उल्लेख्य योगदान गरेको छ । त्यसैगरी नेपाल सरकारका विभिन्न निकायहरुले संकलन गर्ने कर तथा दस्तुर संकलन सम्बन्धी सेवा सर्वसुलभ ढंगले नि:शुल्क प्रदान गरी सरकारी राजस्व संकलनमा समेत सघाउ पुर्‍याउँदै आएको छ ।

**९. संस्थागत सुशासन :**

बैंकले संस्थागत सुशासनलाई सदैव उच्च महत्व दिँदै आएको र आगामी दिनहरुमा संस्थागत सुशासन तथा अनुपालनाको अवस्थालाई थप सवल र सुदृढ बनाउँदै जानेमा बैंक प्रतिवद्ध रहेको छ । सञ्चालक समिति तथा बैंकबाट सम्पादित कार्यहरु

पारदर्शी रुपमा सञ्चालन गरी संस्थागत सुशासनलाई सुदृढ गर्दै लैजान बैंक क्रियाशील रही आएको छ । नेपाल राष्ट्र बैंक एवं अन्य सम्बद्ध नियामक निकायहरुबाट समय समयमा जारी भएका नीति एंव निर्देशनहरुलाई बैंकले पूर्णरुपमा कार्यान्वयन गर्दै आएकोमा आगामी दिनमा समेत पूर्णरुपमा परिपालना एवं कार्यान्वयन गरिनेछ ।

**१०. राष्ट्रिय अर्थतन्त्रमा योगदान :** आ.व. २०८०/०८१ मा बैंकले अग्रिम आयकर बापत रु.२ अर्ब ३० करोड र विभिन्न भुक्तानीमा कर कट्टी गरे बापत रु.१ अर्ब ३९ करोड १० लाख गरी कुल रु.३ अर्ब ६९ करोड १० लाख ठूला करदाता कार्यालयमा दाखिला गरी नेपाल सरकारलाई योगदान गरेको छ ।

**११. सञ्चालक समितिमा भएको हेरफेर र त्यसको कारण :** श्री लिला प्रकाश सिटौलाको अध्यक्षतामा गठन गरिएको सञ्चालक समितिमा श्री रमेश सिंह खड्का, श्री शंकर प्रसाद कालिकोटा, श्री रामेश्वर सापकोटा, श्री अभिषेक बज्राचार्य, श्री बृष बहादुर बस्नेत र प्रा.डा. श्री गीता प्रधान रहनु भएकोमा सञ्चालक श्री रमेश सिंह खड्का, श्री शंकर प्रसाद कालिकोटा र प्रा.डा. श्री गीता प्रधानले पदबाट दिनु भएको राजीनामा सञ्चालक समितिको मिति २०८१/०१/०७ गते बसेको बैठकले र सञ्चालक श्री रामेश्वर सापकोटाले पदबाट दिनु भएको राजीनामा मिति २०८१/०१/१३ गते बसेको सञ्चालक समितिको बैठकले स्वीकृत गरेको हुँदा रिक्त रहेको सञ्चालक पदमा श्री अंगिर मान सिंह, श्री तारा मानन्धर, श्री किशोर जङ्ग कार्की र श्री भावना बलायरलाई नियुक्त गरिएकोमा सञ्चालक श्री भावना बलायरले दिनुभएको राजीनामा मिति २०८१/०४/२३ गते बसेको सञ्चालक समितिको बैठकले स्वीकृत गरेपश्चात निम्नानुसारको सञ्चालक समिति रहेको छ ।

| क्र.सं. | नाम | धारण गरेको पद |
|---|---|---|
| १. | श्री लिला प्रकाश सिटौला (स्वतन्त्र सञ्चालक) | अध्यक्ष |
| २. | श्री अंगिर मान सिंह (संस्थापक समुह) | सञ्चालक |
| ३. | श्री तारा मानन्धर (संस्थापक समुह) | सञ्चालक |
| ४. | श्री किशोर जङ्ग कार्की (संस्थापक समुह) | सञ्चालक |
| ५. | श्री अभिषेक बज्राचार्य (सर्वसाधारण समुह) | सञ्चालक |
| ६. | श्री बृष बहादुर बस्नेत (सर्वसाधारण समुह) | सञ्चालक |

**१२. अन्य समितिहरु :** नेपाल राष्ट्र बैंकको निर्देशन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २६ र २७ मा भएको व्यवस्था बमोजिम सञ्चालक समितिले लेखापरीक्षण समिति, कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति र सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति गठन गरेको छ ।

**१२.१ लेखापरीक्षण समिति :** सञ्चालक श्री तारा मानन्धरको संयोजकत्वमा गठित लेखापरीक्षण समितिमा सञ्चालक श्री भावना बलायर (मिति २०८१/०४/२३ गते राजीनामा स्वीकृत) सदस्य र आन्तरिक लेखापरीक्षण विभाग प्रमुख श्री विवेक चन्द्र लम्साल सदस्य सचिव रहनु भएको छ । समितिले बैंकको वित्तीय स्थिति, आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापन प्रणाली, वैधानिक तथा नियमनकारी अनुपालना र लेखापरीक्षण कायक्रम आदि बारे नियमित रुपमा समीक्षा गर्ने गर्दछ । आन्तरिक तथा बाह्य लेखापरीक्षण प्रतिवेदन उपर विस्तृतरुपमा छलफल र समीक्षा पश्चात सुझाव सहितको प्रतिवेदन सञ्चालक समितिमा पेश गर्दछ । समीक्षा अवधिमा लेखापरीक्षण समितिको १६ वटा बैठक बसेको थियो भने उक्त बैठक बापत सञ्चालकहरुलाई रु.४,८०,०००/- भत्ता प्रदान गरिएको छ ।

**१२.२ कर्मचारी सेवा सुविधा समिति :** सञ्चालक श्री बृष बहादुर बस्नेतको संयोजकत्वमा गठित कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समितिमा प्रमुख कार्यकारी अधिकृत सदस्य, प्रमुख वित्त अधिकृत सदस्य र मानव संसाधन विभाग प्रमुख सदस्य सचिव रहनु भएको छ । समितिले संगठनात्मक संरचना बमोजिम कर्मचारीहरुको दरबन्दी सिफारिस, बैंकको कर्मचारी सेवा विनियमावली संशोधन तथा कर्मचारीहरुलाई प्रदान गरिने सुविधाहरुका सम्बन्धमा समीक्षा गरी सञ्चालक समिति समक्ष सिफारिस गर्ने गरेको छ । समीक्षा अवधिमा उक्त समितिको ७ वटा बैठक बसेको थियो ।

**१२.३ जोखिम व्यवस्थापन समिति :** सञ्चालक श्री अंगिर मान सिंहको संयोजकत्वमा गठित जोखिम व्यवस्थापन समितिमा सञ्चालक श्री तारा मानन्धर सदस्य, प्रमुख कर्जा अधिकृत सदस्य, प्रमुख सञ्चालन अधिकृत सदस्य र प्रमुख जोखिम अधिकृत सदस्य सचिव रहनु भएको छ । समितिले बैंकलाई असर पर्न सक्ने जोखिमहरु पत्ता लगाई त्यसको उचित व्यवस्थापन गर्न क्रियाशिल रहेको छ । समितिले जोखिम व्यवस्थापनको सन्दर्भमा कर्जा जोखिम, बजार जोखिम, सञ्चालन जोखिम, तरलता

जोखिम, अनुपालना जोखिम, सूचना प्रविधी सम्बन्धी जोखिम र अन्य जोखिमहरुलाई न्यूनीकरण गर्न विशेष ध्यान दिई सञ्चालक समितिलाई सुझाव पेश गर्ने गरेको छ । उक्त समितिमा मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा तयार पारिएका विभिन्न प्रतिवेदन, निर्णयहरु जस्तै ICAAP प्रतिवेदन, ALCO माईन्युट, सूचना प्रविधी सम्बन्धी प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, New Product Development लगायत समय समयमा अन्य Product Paper हरुको समीक्षा गरी सञ्चालक समितिमा राय सहितको प्रतिवेदन पेश गर्ने गर्दछ । समीक्षा अवधिमा उक्त समितिको १८ वटा बैठक बसेको थियो ।

**१२.४ सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति :**
सञ्चालक श्री किशोर जंग कार्कीको संयोजकत्वमा गठित सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समितिमा सञ्चालक श्री अभिषेक बज्राचार्य सदस्य, प्रमुख जोखिम अधिकृत सदस्य, प्रमुख अनुपालना अधिकृत सदस्य र प्रबन्धक अनुपालना विभाग सदस्य सचिव रहनु भएको छ । समितिले AML/CFT सँग सम्बन्धित समग्र अनुपालना सम्बन्धी अवस्थाको विश्लेषण गर्ने, बैंकका सम्पूर्ण ग्राहकहरुको जोखिम स्तर निर्धारण गर्ने गरेको तथा अनुपालनाको क्रममा देखिएका अन्य कमी कमजोरीको उपयुक्त तरिकाले अनुगमन तथा समाधान गर्न व्यवस्थापनलाई सहयोग गर्ने साथै, त्रैमासिक AML/CFT प्रतिवेदन उपर नियमित तवरले छलफल गर्ने कार्यहरु गरेको छ । सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण गर्ने सम्बन्धमा आवश्यक नीति नियम तथा कार्यविधि पर्याप्तता भए/नभएको अनुगमन गर्ने र सो सम्बन्धमा सञ्चालक समितिलाई जानकारी गराउने गरेको छ । त्यसैगरी सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारणका लागि तर्जुमा गरिएका कार्यविधि अनुरुप सोको परिपालना भए नभएको यकिन गरी व्यवस्थापनलाई सुधारात्मक कदम चाल्न निर्देशन दिने गरेको छ । समीक्षा अवधिमा उक्त समितिको ९ वटा बैठक बसेको थियो ।

माथि उल्लेखित सबै समितिका संयोजक तथा सञ्चालक सदस्यहरुलाई प्रति बैठक भत्ता करसमेत रु.१५ हजार प्रदान गर्ने गरिएको छ ।

**१३. गुनासो र सुनुवाई :**
सेवाग्राहीहरुलाई पर्ने असुविधा तथा सर्वसाधारणको गुनासो सुनवाईका लागि बैंकले विभिन्न माध्यमहरुको व्यवस्था गरेको छ । आफ्ना देशैभरी फैलिएका शाखाहरुमा रहेका सुझाव पेटिका, बैंकको वेवसाईट https://www.prabhubank.com/grievance-handling, Facebook पेज https://www.facebook.com/brabhubanknp, ईमेल info@prabhubank.com तथा बैंकको हटलाइनमा प्राप्त गुनासोहरुको सुनुवाई गर्दै आएको छ । विभिन्न माध्यमहरुबाट प्राप्त हुने गुनासोको सुनवाईका निम्ति बैंकले आन्तरिक संयन्त्रको परिचालन गरी छिटोछरितो तवरले सरोकारवालाहरुको जिज्ञासा, सल्लाह, सुझाव तथा गुनासोको समाधान गर्दै आएको छ ।

बैंकको गुनासो सुन्ने अधिकारीको विवरण बैंकको वेवसाईटमा राखिएको छ । सेवाग्राहीको गुनासो सुनवाईका लागि बैंकले व्यवस्था गरेका विभिन्न माध्यमहरुबाट आ.व. २०८०/०८१ मा ५८७ वटा गुनासो प्राप्त भएकामा ५८७ वटै गुनासोको सुनुवाई भएको छ ।

**१४. प्रस्तावित लाभांश :** समीक्षा वर्षको मुनाफाबाट कुनै पनि लाभांश प्रस्ताव गरिएको छैन ।

**१५. लेखापरीक्षण, वित्तीय अवस्थाको विवरण (वासलात) र अन्य विवरण :** २०८१ आषाढ मसान्तको बैंक तथा सहायक कम्पनीहरुको समेत आ.व. २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन, एकीकृत वित्तीय अवस्थाको विवरण, एकीकृत नाफा-नोक्सान विवरण, एकीकृत नाफा-नोक्सान बाँडफाँड हिसाब, एकीकृत नगद प्रवाह र सोसँग सम्बन्धित अनुसूचीहरु यसै प्रतिवेदनको अंगको रुपमा राखिएको छ ।

१६. कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा ४ अनुसारको छुट्टै विवरणलाई यसै प्रतिवेदनको अंगाको रुपमा अनुसूची "क" मा राखिएको छ ।

१७. धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बद्ध विवरण यसै प्रतिवेदनको अंगाको रुपमा अनुसूची "ख" मा राखिएको छ ।

अन्त्यमा, बैंकको उन्नति र प्रगतिका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सम्पूर्ण शेयरधनीहरु, ग्राहकबर्गहरु, नेपाल सरकारका विभिन्न निकायहरु, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, आन्तरिक तथा बाह्य लेखापरीक्षक, पत्रकारबर्ग तथा बैंकका सम्पूर्ण कर्मचारीहरुलाई सञ्चालक समितिको तर्फबाट हार्दिक धन्यबाद ज्ञापन गर्न चाहन्छौं ।

धन्यवाद ।

सञ्चालक समितिको तर्फबाट,

तारा मानन्धर
सञ्चालक

लिला प्रकाश सिटौला
अध्यक्ष
मिति २०८१/०९/०७

अनुसूची "क"

# कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा ४ अनुसारको छुट्टै विवरण

क. विगत वर्षको कारोबारको सिंहावलोकन : सञ्चालक समितिको प्रतिवेदनको बुँदा नं."ख" मा उल्लेख गरिएको ।

ख. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर : सञ्चालक समितिको प्रतिवेदनको बुँदा नं."क" मा उल्लेख गरिएको ।

